त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु

**सेमेष्टर परीक्षा प्रणाली अनुसार चार वर्षे स्नातक तह Bachelors in Information Technology (BIT) कार्यक्रम २०८३ सालको नयाँ विद्यार्थी भर्ना सम्वन्धी अत्यन्त जरुरी सूचना**

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आंगिक क्याम्पसहरुमा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार पठन पाठन हुने चार वर्षे स्नातक तह **Bachelors in Information Technology (BIT)** कार्यक्रममा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त २०८३ सालको लागि निम्नानुसारको नयाँ भर्ना कार्यक्रम प्रकाशित गरिएको छ ।

१. **आवेदनको लागि न्यूनतम योग्यता :**

(क) उच्च माध्यमिक वा माध्यमिक विद्यालयको जुनसुकै Stream बाट कक्षा ११ वा १२ मा अंग्रेजी र गणित वा कम्प्यूटर विषय १००/१०० पूर्णाङ्क लिई कक्षा ११/१२ वा सो सरहको परीक्षामा अंग्रेजी र गणित वा कम्प्यूटर (गणित वा कम्प्यूटर विषय मध्ये कुनै एक विषय लिएको हुनुपर्ने) विषयमा कम्तिमा C Grade र अन्य विषयहरु उत्तीर्ण भई कम्तिमा Grade Point (GPA 1.6) प्राप्त गरी उत्तीर्ण गरेको र Final CGPA न्यूनतम 1.8 प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।

वा

(ख) त्रि.वि.वा यसवाट मान्यता प्राप्त शिक्षण संस्थावाट प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षामा जुनसुकै संकायबाट अंग्रेजी र गणित वा कम्प्यूटर (गणित वा कम्प्यूटर विषय मध्ये कुनै एक विषय लिएको हुनुपर्ने) विषय १००/१०० पूर्णाङ्क लिई कम्तिमा द्वितिय श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

वा

(ग) A Level को परीक्षामा (अंग्रेजी र गणित वा कम्प्यूटर विषय १००/१०० पूर्णाङ्क लिई) न्युनतम D Grade (With or Without Small Letter) ल्याई उत्तीर्ण गरेको हुनुपर्नेछ ।

वा

(घ) CTEVT बाट Three Years Diploma उत्तीर्ण गरेका विद्यार्थीहरुको हकमा (अंग्रेजी र गणित वा कम्प्यूटर विषय १००/१०० पूर्णाङ्कको लिई) कम्तिमा द्वितिय श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(ङ) विदेशी शैक्षिक संस्था वा विदेशी विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरबाट समकक्षता प्राप्त गरेको कागजात पेश गर्नुपर्ने ।

२. **आवेदन प्रक्रिया Completely Online :**

(क) विज्ञान तथा प्रविधि अध्ययन संस्थानको **वेवसाइट** https://iost.tu.edu.np मा रहेको BIT प्रवेश परीक्षाको Link मा गई आवेदक स्वयम्ले आवेदन फाराम भरी Online बाट नै सोही **वेवसाइट** मार्फत Submit गर्नुपर्ने छ ।

(ख) विज्ञान तथा प्रविधि अध्ययन संस्थानबाट संचालन गरिने प्रवेश परीक्षाको आवेदन फाराम Online माध्यमबाट मिति २०८३।०३।११ गते बिहीबार विहान १०:०० बजे देखि deploy गरिने छ ।

(ग) नियमित दस्तुर तिरी आवेदन फाराम बुझाउने मिति : २०८३।०३।११ गते देखि मिति २०८३।०४।२२ गते सम्म मात्र उपलब्ध हुनेछ ।

(घ) दोब्वर दस्तुर तिरी Online फारम २०८३।०४।२३ गते देखि मिति २०८३।०४।२७ गते सम्म उपलब्ध हुने छ । तोकिएको समय पश्चात Online फारम स्वत: बन्द हुनेछ ।

(ङ) आवेदन फाराम Internet सुविधा भएको कुनै पनि स्थानबाट तोकिएका दिनहरुमा कुनै पनि समयमा भर्न सकिने छ ।

(च) प्रवेश **परीक्षा शुल्क वापतको रकम रु. १,८५०।- (अक्षेरुपी एक हजार आठ सय पचास मात्र)** IoST को **वेवसाइट**मा दिइएको app तथा link प्रयोग गरेर Online माध्यमबाट शुल्क जम्मा गर्न सकिनेछ । आवेदन शुल्क जम्मा गरेपछि प्राप्त हुने Product ID/Voucher code/Transaction ID प्रयोग गरी आवेदन फाराम भर्नु पर्नेछ । आवेदन फाराम Online माध्यमबाट दस्तुर बुझाई फाराम भर्न सम्बन्धित विद्यार्थीहरुलाई अभिप्रेरित गरिन्छ । Online माध्यमबाट बुझाएको आवेदन शुल्क वापतको रकम फिर्ता हुने छैन ।

वा

(छ) ग्लोवल आई.एम.ई.बैंक लि.को कुनै पनि शाखाबाट विज्ञान तथा प्रविधि अध्ययन संस्थानको नाममा रहेको खातामा जम्मा हुने गरी बुझाएको हुनुपर्ने छ । बैंकको भौंचर नम्वर अनिवार्य रुपमा भर्नु पर्नेछ । बैंक भौंचरबाट बुझाएको आवेदन शुल्क वापतको रकम फिर्ता हुने छैन ।

(ज) आवेदकले फाराम भर्दा Online Portal मा उपलब्ध निर्देशनलाई अनिवार्य रुपले पालना गर्दै जानकारीहरु तथा Upload गर्नु पर्ने सामाग्रीहरु सहित Submit गर्नु पर्नेछ । आवेदनको न्युनतम योग्यता प्रमाणित गर्न निम्नानुसारका कागजातहरु Upload गरी फाराम भर्न सूचित गरिन्छ ।

**(अ) कक्षा ११ को मार्कसिट र कक्षा १२ को ट्रान्सक्रिप्ट Upload गर्नु पर्नेछ ।**

**वा**

**(आ) कक्षा ११ र कक्षा १२ को ट्रान्सक्रिप्ट वा प्रविणता प्रमाणपत्र तहको ट्रान्सक्रिप्ट Upload गर्नु पर्नेछ (पुरानो उच्च माध्यमिक तथा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गर्ने आवेदकको लागि मात्र) ।**

**वा**

**(इ) कक्षा १२ मा दुई विषयसम्म Non Graded (NG) लागेको विद्यार्थीहरुले पनि प्रवेश परीक्षा फाराम भर्न सक्नेछन् । साथै यस्ता परीक्षार्थीहरुले प्रवेश परीक्षाको नतिजा पश्चात मेरिट लिष्टमा आएता पनि NG Clear नभएसम्म भर्ना हुन पाउने छैनन । NG Clear भएको मार्कसिट पेश गरे पश्चात कुनै क्याम्पसमा कोटा खाली रहेको अवस्थामा मात्र भर्ना हुन पाउनेछन् ।**

(झ) Online बाट परीक्षा फाराम भरी Submit गरी सकेपछि प्राप्त हुने Acknowledgement Page Print गर्नुपर्नेछ ।

(ञ) आवेदन फाराम Approved भए पश्चात Online माध्यमबाटै चरणबद्ध रुपमा प्रवेश पत्र उपलब्ध गराईने छ। उक्त **प्रवेश पत्र Download गरी Color Print गर्नुपर्नेछ ।** परीक्षामा सामेल हुन अनिवार्य रुपले प्रवेश पत्र सहित आफुले तोकेको जिल्ला/केन्द्रमा जानु पर्नेछ । प्रवेश पत्रको साथै **आफ्नो परिचय खुलाउने फोटो सहितको ID (जस्तै नागरिकता प्रमाणपत्र वा सवारी चालक प्रमाणपत्र वा मतदाता परिचय पत्र वा राष्ट्रिय परिचय पत्र वा पछिल्लो शैक्षिक तहको प्रवेशपत्र)** पनि ल्याउनु पर्नेछ ।

**३.Online फाराम भर्दा नै विद्यार्थीहरुले परीक्षा दिने जिल्ला रोज्नु पर्नेछ । ति निम्न हुने छन् ।**

| | | |
|---|---|---|
| (क) काठमाडौं उपत्यका | (ख) मोरङ | (ग) सुनसरी |
| (घ) सप्तरी | (ङ) सिरहा | (च) धनुषा |
| (छ) पर्सा | (ज) चितवन | (झ) कास्की |
| (ञ) रुपन्देही | (ट) बाँके | (ठ) कन्चनपुर |

**४.प्रवेश परीक्षा : मिति २०८३।०४।३० गते शनिबार ८:०० बजे ।**

**५.प्रवेश परीक्षाको लागि परीक्षा केन्द्र : पछि प्रकाशित गरिने छ ।**

६. **प्रवेश परीक्षा सम्बन्धी जानकारी :**

(क) प्रवेश परीक्षाको अंकभार १०० पूर्णाङ्कको हुनेछ । जसमा ११ र १२/प्रविणता प्रमाण पत्र तह वा सो सरहको पाठ्यक्रमको आधारमा अंग्रेजी विषयको ५० अंक र गणित विषयको ५० अंक अथवा कम्प्यूटर विषयको ५० अंक (गणित र कम्प्यूटर विषय मध्ये कुनै एकवटा विषय छनौट गर्न सकिने छ) गरी जम्मा १०० अंकभार रहेको Objective प्रश्नहरु हुनेछन् । पाठ्यकमको आधारमा निम्न विषयका निम्न समूहमा Objective/Multiple Choice प्रश्नहरु सोधिनेछ । कुनै पनि Objective प्रश्नको Negative Marking हुने छैन ।

| Particulars | Group A | Group B |
|---|---|---|
| Marks | 50 | 50/50 |
| Subject | English (Grade 11-12) | Mathematics (Grade 11)<br>OR<br>Computer (Grade11-12) |

(ख) प्रवेश परीक्षाको सम्पूर्ण प्रश्नहरु Objective हुने छन् ।

(ग) प्रवेश परीक्षा उत्तिर्ण हुन पूर्णाङ्कको ३५% अंक प्राप्त गर्नु पर्ने छ ।

(घ) प्रवेश परीक्षाको नतिजामा परीक्षार्थीहरुले बराबर अंक प्राप्त गरेमा प्रवेश परीक्षामा गणित/कम्प्यूटर विषयमा प्राप्त गरेको अंकको आधारबाट योग्यता सूची तयार (Placement) गरिने छ । त्यहाँ पनि बराबर अंक भएमां क्रमश: अंग्रेजी विषयमा प्राप्त गरेको अंकलाई आधार बनाईने छ । सबैमा बराबर अंक भएको अवस्थामा कमश: तल्लो शैक्षिक तहलाई आधार बनाईने छ । यी आधारबाट प्राप्त अंकहरु प्रकाशित हुने छैनन् ।

७. **भर्ना प्रकृया, कक्षा संचालन, समावेशी कोटा तथा छात्रवृत्ति सम्बन्धी सूचना डीन कार्यालयको वेवसाइट https://iost.tu.edu.np मा पछि प्रकाशित गरिने छ ।**

सहायक डीन

मिति : २०८३।०३।०५

विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, कीर्तिपुर २०...